नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक

फागुन/चैत्र २०६९ (March 2013) वर्ष १७/अङ्क १९२

## परमेश्वरको महिमा र मानिसको मर्यादा (भजनसंग्रह ८)

– डा. सुएयोसी तोबा

क) **परमेश्वरको महिमाः** -हे परमप्रभु, हाम्रा प्रभु, सारा पृथ्वीभरि तपाईंको नाउँ कति महिमित छ ! (८:१)

हाम्रो परमेश्वरचाहिँ परमप्रभु नै हुनुहुन्छ। परमेश्वरको नाउँ अर्थात् परमेश्वरले प्रकट गर्नुभएको स्वभाव सबै सृष्टिभन्दा उच्च छ। "सारा पृथ्वीभरि" भन्ने शब्दले के जनाउँछ ? त्यसले सर्वव्यापी परमेश्वरको उपस्थिति सबै ठाउँमा भएको जनाउँछ। यो धारणाको निम्ति "हे परमप्रभु हाम्रो प्रभु" भन्ने सम्बोधन महत्वपूर्ण छ। 'परमप्रभु' भनेको अर्थ व्यक्तिगत परमेश्वर हो।

ख) **परमेश्वरको शक्तिः** -शिशुहरू र दूधे-बालकहरूका ओठबाट तपाईंले पूर्ण प्रशंसा निकाल्नुभएको छ, तपाईंका वैरीहरूका कारणले, अनि शत्रु र प्रतिपक्षीलाई चूप गराउनलाई तपाईंले यसो गर्नुभएको छ। (८:२)

प्रभुले "शिशुहरू र दूधे बालकहरू" लाई उहाँको प्रशंसा गर्न शक्ति दिनुभयो। उनीहरू जस्तो दुर्बल व्यक्तिहरूलाई पनि वास्ता गरी आफ्नो महिमा देखाउनुभयो अनि दुर्बलले बलियोलाई शर्ममा पार्नेछ भनी देखाउनुहुन्छ। "वैरीहरू, शत्रु र प्रतिपक्षीलाई चूप गराउन" सक्छ, प्रभुले। कति शक्तिको हाम्रो परमप्रभु हुनुहुन्छ ! उहाँ यहाँ हुनुहुन्छ र हाम्रो बीचमा हुनुहुन्छ भन्ने दावी गरौं। हल्लेलूयाह।

ग) **परमप्रभुको सृष्टिः** -जब म तपाईंको हातले बनाएको आकाशलाई, र तपाईंले स्थापित गर्नुभएका जून र ताराहरूमाथि विचार गर्छु, मानिस के हो, र तपाईं त्यसको वास्ता राख्नुहुन्छ ? मानिसको छोरो के हो, र तपाईं त्यसको फिक्री गर्नुहुन्छ ? तपाईंले त्यसलाई स्वर्गीय प्राणीहरूभन्दा केही मात्र सानो बनाउनुभयो, र त्यसलाई महिमा र आदरको मुकुट पहिराउनुभएको छ। आफ्नो हातका कामहरूमाथि तपाईंले त्यसलाई शासक बनाउनुभएको छ। सबै थोक तपाईंले त्यसका पैतालामुनि राखिदिनुभएको छ– सबै भेडाबाखा र गाई-गोरु र वनका सबै पशुहरू, आकाशका पक्षीहरू र समुद्रका माछाहरू र समुद्रभित्र पौड्ने सबै जन्तुहरू। (८:३-८)

सृष्टिको वर्णन उत्पत्तिको पुस्तकको पहिलो अध्यायमा पाउँछौं। त्यो खण्डले परमेश्वरले कसरी सबै चीज सृष्टि गर्नुभयो भन्ने कुरा हामीलाई देखाउँछ। जस्तैः उज्यालो, पानी, पृथ्वी/भूमि, वनस्पति, ताराहरू, जन्तुहरू/पंक्षीहरू र अन्तमा मानिसजातिलाई परमेश्वरले आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो। परमेश्वरभन्दा केही मात्र कम स्तरमा मानिस जाति हामी हौं। तरपनि "परमेश्वरले बनाएका सारा कुरा मानिसको अधीनमा दिनुभयो।" (८:६)

हामीहरू येशू ख्रीष्टमा परमेश्वरका पूर्ण स्वरूप/प्रतिरूप देख्न सक्छौं। भजनसंग्रह ८:६ पदले येशूको बारेमा बताउँछ। (हेर्नुस् १ कोरिन्थी १५:२७) -यो भेटी यिनीहरूले खुशीसाथ जम्मा गरेका थिए, र साँच्चै नै यिनीहरू तिनीहरूका ऋणी पनि छन्। किनकि यदि अन्यजातिहरू तिनीहरूका आत्मिक आशिषहरूमा सहभागी भएका छन् भने, यिनीहरूले पनि सांसारिक आशिषहरूद्वारा तिनीहरूको सेवा गर्नुपर्छ। (एफिसी १:२२) -अनि पवित्र आत्मामा परमेश्वरको वासस्थान हुनलाई तिमीहरू पनि उहाँमा एकसाथ निर्माण हुँदै जान्छौ। (हिब्रू २:६-८) -धर्मशास्त्रको कुनै एक ठाउँमा यसो भनेर गवाही दिइएको छ, "मानिस के, र तपाईं त्यसको वास्ता राख्नुहुन्छ ? अथवा मानिसको छोरो को हो, र तपाईं त्यसको फिक्री गर्नुहुन्छ ? तपाईंले तिनलाई अलि बेरको निम्ति स्वर्गदूतहरूभन्दा केही तल होच्याउनुभयो। तपाईंले तिनलाई महिमा र आदरको मुकुट पहिराउनुभएको छ। तपाईंले सब थोक तिनका चरणमुनि राखिदिनुभयो।

परमप्रभुको प्रशंसाः -हे परमप्रभु, हाम्रा प्रभु, सारा पृथ्वीभरि तपाईंको नाउँ कति गौरवमय छ ! (८:९)

८:१ पदमा "परमप्रभुको नाउँमा प्रशंसा" को अभिव्यक्तिसँग यो भजन शुरू भयो। त्यसरी नै समाप्त पनि हुन्छ। परमप्रभुले समेत मानिसको निम्ति गर्नुभएको वास्ता र योजनामा उहाँको गौरब प्रदर्शित गर्नुभएको छ।

**यी खण्डहरूबाट पाइएको चुनौतिहरूः**

१. परमेश्वरको महानतालाई सोचेर प्रशंसा गर्नुपर्ने आवश्यकता देखिन्छ।
२. परमेश्वरले मानिस जातिको लागि कति ठूलो वास्ता गर्नुहुन्छ।
३. मण्डलीमा र विश्वासीको बीचमा परमेश्वरको शक्ति प्रकट हुन आवश्यक छ।
४. परमेश्वरले हामीलाई वास्ता गर्नुभए जस्तै अब इसाईहरूले वातावरणको कुरामा पनि सोच्ने बेला आएको छ।

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
| फागुन २६ गते मार्च ९ ता. | पाष्टर सामुएल कार्थक | एल्डर पूर्ण सुनुवार | पाष्टर प्रेम श्रेष्ठ | श्री मार्क गाल्पिन | पाष्टर दफ्तन सादा | डीकन रूद्र राई | डा. सुएयोसी तोबा |
| चैत्र ३ गते मार्च १६ ता. | पाष्टर पिटर ग्यामर | श्री सिद्धि खालिङ | डीकन सुरेश पुरकोटी | डीकनेस् ग्रेस खालिङ | एल्डर रूबेन श्रेष्ठ | श्री दानिएल घले | डीकन गोपाल शर्मा |
| चैत्र १० गते मार्च २३ ता. | डीकन सिमोन पाठक | श्री प्रेम आले मगर | एल्डर सामुएल क्षेत्री | पाष्टर रोबर्ट कार्थक | एल्डर श्रीलक्ष्मी सैंजु | श्री अन्जान घले | संयुक्त सेवा ललितपुर चर्च |
| चैत्र १७ गते मार्च ३० ता. | डीकन अर्जुन ढकाल | पाष्टर अशोक मुखिया | डीकन जेम्स राई | श्री स्टिभ नोवेल्स् | श्रीमती गंगा श्रेष्ठ | डीकन बाबुराम के.सी. | एल्डर दिल थापा |
| चैत्र २४ गते अप्रिल ६ ता. | पा. सामुएल कार्थक पा. रोबर्ट कार्थक | श्री सरुष मान तामाङ्ग | संयुक्त सेवा ज्ञानेश्वर चर्च | पाष्टर रोल्याण्ड रोंगोंग | श्री सिमोन भण्डारी | एल्डर दिल थापा | पाष्टर बि.बि. खवास |

# शुभकामना

**सारा संसारका मानव जातिको उद्धारको निम्ति**
**ख्रीष्ट येशू प्रभु क्रूसमा बलि हुनुभई तेस्रो दिनमा पुनरुत्थान हुनुभएको (Easter) को सुखद अवसरमा देशभित्र र देशबाहिर हुनुभएका सम्पूर्ण मण्डली परिवारमा हार्दिक शुभ-कामना व्यक्त गर्दछौं ।**

## जानकारी

माघ १३ गते/जनवरी २६ ता. शनिबार नेइम गोंगबूँ मण्डलीमा ९ जना बालबालिकाहरूको अर्पण भयो ।

फागुन ३ गते/फरवरी १४ ता. बिहीबार नेइम ज्ञानेश्वर मण्डलीअन्तर्गत नेइम जीवनपुर, धादिङ्ग मण्डली भवन उद्घाटन तथा अर्पण भयो ।

फागुन ६ गते/फरवरी १७ ता. आइतबार आदरणीय गुरुबा रोबर्ट कार्थकको बाहुलीबाट गैरी गाउँमा नेइम नगरकोट मण्डली भवन उद्घाटन तथा अर्पण भयो ।

नेइम ज्ञानेश्वर चर्चको आराधना सेवाको समय मार्च माहिनाको पहिलो हप्ता देखि बिहान ७:३०, ९:३० र ११:३० बजे हुने जानकारी गराउँदछौं ।



नख्खु बस्नुहुने नेइम ललितपुर मण्डलीको सदस्य श्री जीवन घले ३४ वर्षको उमेरमा फागुन ४ गते, फरवरी १५ तारिक शुक्रबारका दिन प्रभुमा सुत्नुभयो ।

## साप्ताहिक सेवा संगतिहरू

| कार्यक्रम | बार | समय | स्थान |
|---|---|---|---|
| आराधना सेवा | शनिबार | बिहान ७:३०, ९:३० र ११:३० बजे<br>बिहान ९:०० बजे र ११:३० बजे<br>बिहान १०:३० बजे | ज्ञानेश्वर<br>ललितपुर<br>गोंगबूँ,जोरपाटी, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुरुजुधारा, सिर्जनानगर, रानीपौवा, सुन्दरीजल, साहुगाउँ र धापासी |
| संयुक्त आराधना सेवा | अंग्रेजी महिनाको पहिलो शनिबार | | ज्ञानेश्वर, नगरकोट, सिर्जनानगर (बिहान ७:३०, १०:०० र १२:३० बजे) |
| | अंग्रेजी महिनाको दोस्रो शनिबार (बिहान १०:३० बजे) | | गोंगबूँ |
| | अंग्रेजी महिनाको तेस्रो शनिबार (बिहान १०:३० बजे) | | जोरपाटी, गाम्छा, जहरसिंह पौवा, सुन्दरीजल |
| | अंग्रेजी महिनाको चौथो शनिबार (बिहान १०:०० बजे) | | ललितपुर, गुरुजुधारा |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एक पटक<br>महिनामा दुई पटक | ज्ञानेश्वर, ललितपुर, सिर्जनानगर भक्तपुर, गोंगबू, गाम्छा, सुन्दरीजल<br>जोरपाटी |
| घरेलु संगति | आइतबार देखि शुक्रबारसम्म साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | |
| प्रार्थना सभा | आइतबार | बिहान ६:०० बजे | नयाँ बानेश्वर, कपन — बेलुकी ६:०० बजे लिपिकोट |
| | सोमबार | बिहान ५:०० बजे | गोल्फुटार |
| | सोमबार | बिहान ६:०० बजे | जोरपाटी, नाड्लेभारे, गाम्छा, नयाँपाटी, थली, मूलपानी-२, साँखु, गोंगबूँ, पनौती, सिर्जनानगर |
| | मंगलबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, धापासी, बौद्ध-बज्रनगर, कमलाक्षी, मनहरा पुल (पेप्सीकोला), तिलगंगा, नगदेश-ठिमी, ताहाचल |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, मूलपानी-१, पनौती, सरस्वतीनगर, गुरुजुधारा, भैसेपाटी, कमलाक्षी, ताहाचल |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ |
| | शुक्रबार | बिहान ६:०० बजे | ललितपुर, जोरपाटी, गोंगबूँ, कालीमाटी, गाम्छा, सुन्दरीजल — दिउँसो ३:०० बजे पनौती |

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | जोरपाटी | गाम्छा | सुन्दरीजल | जहरसिंह पौवा | गोंगबूँ | धापासी | रानीपौवा | साहुगाउँ |
|---|---|---|---|---|---|---|---|---|
| फागुन २६ गते मार्च ९ ता. | पाष्टर महेश थाँजु | श्री राज गुरूङ्ग | एल्डर दानिएल सापकोटा | एल्डर गोपी राई | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा गोंगबूँ मण्डली | श्री कुमार सेन्चुरी | डीकनेस् आशमाया तामाङ्ग |
| चैत्र ३ गते मार्च १६ ता. | पाष्टर रोबर्ट कार्थक | **संयुक्त सेवा-जोरपाटी चर्च** | | एल्डर जमान तामाङ्ग | श्री जय सिंह | डीकनेस् निर्मला ढुङ्गेल | श्रीमती रीना तामाङ्ग | एल्डर धन बहादुर तामाङ्ग |
| चैत्र १० गते मार्च २३ ता. | पाष्टर महेश थाँजु | श्री अमृत लामा | श्री राज गुरूङ्ग | श्री लाक्पा लामा | सुश्री रन्जना ढुङ्गेल | एल्डर बी.एन. पण्डित | डीकनेस् निर्मला ढुङ्गेल | डीकनेस् आशमाया तामाङ्ग |
| चैत्र १७ गते मार्च ३० ता. | पाष्टर महेश थाँजु | **संयुक्त सेवा-जोरपाटी चर्च** | | | एल्डर छोदेन कार्थक | एल्डर सामुएल क्षेत्री | श्री सुरेन्द्र सापकोटा | एल्डर धन बहादुर तामाङ्ग |
| चैत्र २४ गते अप्रिल ६ ता. | एल्डर गोपी राई | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | पाष्टर महेश थाँजु | पाष्टर एल.पी.न्यौपाने | एल्डर छोदेन कार्थक | संयुक्त सेवा गोंगबूँ मण्डली | डीकनेस् आशमाया तामाङ्ग |

### मार्च महिनाको कार्यक्रम

१. फागुन २० गते/मार्च ३ ता. आइतबार नेइम कार्यकारिणीको बैठक नेइम गोंगबूँ मण्डलीमा

२. फागुन २७ गते/मार्च १० ता. आइतबार बिहान ९:३० बजे नेइम पुरुष रीट्रिट धापासीमा

३. चैत्र १ गते/मार्च १४ ता. बिहीबार महिला उपवास प्रार्थना आ-आफ्नो मण्डलीमा

४. चैत्र १३ गते/मार्च २६ ता. मंगलबार युवा रीट्रिट आ-आफ्नो मण्डलीमा

५. चैत्र १६ गते/मार्च २९ ता. शुक्रबार बेलुकी ५:३० बजे गूड फ्राइडे सेवा आ-आफ्नो मण्डलीमा

६. चैत्र १८ गते/मार्च ३१ ता. आइतबार बिहान ६:०० बजे सूर्योदय सेवा (इस्टर सन्डे) आ-आफ्नो मण्डलीमा

### प्रार्थनाका विषयहरू

१. नेपाल देशमा प्रभुको इच्छा र योजना पूरा भएको होस् साथै उहाँको इच्छाअनुसार मण्डलीहरू पनि अघि बढ्दै जान सकून् ।

२. मण्डलीका सम्पूर्ण विश्वासीहरू प्रभुसँगको घनिष्ठतामा दिन प्रतिदिन बढ्दै जान सकून् साथै मण्डलीको सेवा संगतिहरूमा सहभागी भई आफै पनि ख्रीष्टमा बनिँदै एकअर्कालाई उत्साह दिँदै र बनाउँदै जान सकून् ।

३. हामी बसेका टोलहरूका मानिसहरूको समझलाई अन्धो तुल्याउने अन्धकारको शक्तिको विरोधमा साथै टोल समाजलाई दुषित तुल्याउने तन्त्रमन्त्र, लागु पदार्थ र दुष्ट कुराहरूको विरोधमा पनि प्रार्थना गरौं जसको कारण मानिसहरूले परमेश्वरलाई चिन्न र विश्वास गर्न सकून् र त्यस ठाउँका सबै वातावरण पनि परिवर्तन भएको होस् ।

४. मण्डलीका सबै गुरुजनहरू साथै व्यवस्थापन समितिमा हुनुभएकाहरूले मण्डलीलाई परमेश्वरको इच्छाअनुसार अगुवाइ गर्न, हुर्काउन, बढाउन, डोर्‍याउन साथै व्यवस्थित गर्न परमेश्वरबाटको ज्ञान-बुद्धि र पवित्र आत्माको अगुवाइ मागिदिऔं ।

५. मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएकाहरूको परिवार, मण्डलीको लागि प्रार्थना गरिदिऔं साथै उहाँहरूको सेवकाइद्वारा अझ धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।

६. मण्डलीमा कसैले पनि रीतिविधिको रूपमा प्रभु येशूलाई नअङ्गालेको होस् । मण्डलीमा आउनुहुनेहरू सबै ख्रीष्ट प्रभुलाई सत्यतामा प्रेम गर्नेहरू हुन सकून् जसको कारण मण्डली संख्यामा मात्र होइन गुणमा पनि बढ्दै जान सकून् ।

७. चैत्र महिनामा हुन गइरहेको एस.एल.सी. परीक्षा दिने सबै विद्यार्थीहरूको लागि प्रार्थना गरिदिऔं ।

## नव दम्पत्ति परिवारलाई हार्दिक बधाई



फागुन १३ गते/फरवरी २३ ता. आइतबार नेइम ज्ञानेश्वर मण्डलीको सदस्यहरू श्री शंकर योना राई र सुश्री दिव्या राईको ज्ञानेश्वर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **शंकर योना/दिव्या राई** लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

फागुन १६ गते/फरवरी २७ ता. बुधबार नेइम ज्ञानेश्वर मण्डलीको सदस्यहरू श्री मनोहर गिरी र सुश्री शारदा थापाको ज्ञानेश्वर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **मनोहर/शारदा गिरी**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार Sunday** | २० 3<br>नेपालमा रहेका सम्पूर्ण विश्वासीहरू सुसमाचार सुनाउनेहरू मात्र होइन तर जीवनको असल साक्षीद्वारा गवाही दिनेहरू पनि बन्न सकून् ।<br>**३ यूहन्ना १-६** | २७ 10<br>शाखा/आवद्ध मण्डलीमा रहेका सबै पाष्टर, अगुवा, प्रचारक तथा सबै विश्वासी-हरूको प्रभुबाटको सुरक्षा र सेवकाईको लागि प्रार्थना गरौं ।<br>**यशैया ४२:६-७** | ४ 17<br>भारतको मुम्बइ, पुना लगायत अन्य शहरहरूमा बेचिएका नेपाली चेलिबेटीहरूको उद्धारको लागि प्रार्थना गरौं ।<br>**भजनसंग्रह ६८:१९-२०** | ११ 24<br>विभिन्न देशमा रोजगार, अध्ययन र अन्य कामको लागि गएका नेपाली दाजभाइ, दिदीबहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् ।<br>**२ कोरिन्थी ५:१४-२१** | १८ 31<br>हामी जति जनाले ख्रीष्ट येशू प्रभुलाई विश्वास गरी ख्रीष्ट प्रभुको भएर जिउनको लागि पानीको बप्तिस्मा लिएकाहरूले साँचै बौरी उठाईको जीवन जिउन सकून् ।<br>**रोमी ६:३-१४** |
| **सोमबार Monday** | २१ 4<br>मण्डलीमा भइरहेको प्रार्थना सभाहरू, अरू समय र ठाउँमा पनि प्रार्थना सभा साथै प्रार्थना गर्नेहरू अझ बढेर गएको होस् ।<br>**यशैया ५६:६-७** | २८ 11<br>मण्डलीका सबै विश्वासीहरू परमप्रभु परमेश्वरलाई अझै प्रेम गर्दै र उहाँको अभिप्राय पूरा गर्नेहरू हुँदै जान सकून् ।<br>**भजनसंग्रह १४५:१७-२०** | ५ 18<br>नेपाली इसाई मण्डली अन्तर्गतका मण्डलीहरू संख्यात्मक वृद्धिको साथै आत्मिकी क्षेत्रमा पनि पाको हुँदै जान सकून् ।<br>**एफिसी ३:१४-२०** | १२ 25<br>परमेश्वरबाटको सबै प्रतिज्ञाहरू मण्डलीले विश्वा-ससाथ आफ्नो बनाउन सकून् ।<br>**गन्ती २३:१९, २ कोरिन्थी १:२०** | १९ April 1<br>यो वर्षभरि आशिषित भएर जिउनको लागि आजदेखि नै दिन प्रतिदिन विजयको पाइला अघि बढाउँदै जान सकौं ।<br>**यहोशू १:२-३** |
| **मंगलबार Tuesday** | २२ 5<br>मण्डलीका पूर्णकालिन सेवक/ सेविकाहरूको सेवकाइ, परिवार साथै अन्य क्षेत्रमा आशिष मागिदिऔं ।<br>**रोमी १२:१,१२** | २९ 12<br>मंगलबार हुने आत्मिकी तथा चंगाई सेवाद्वारा मण्डलीमा जागृति, चंगाई, छुट्कारा, आत्माको नवीकरण, ताजापन, उत्साह, चिन्ह र आश्चर्यकर्म देख्न सकौं ।<br>**यशैया ३५:३-७** | ६ 19<br>ऋण, मुद्दा, रोग साथै अन्य समस्यामा परेकाहरूको समस्या समाधान साथै छुट्कारा र निको हुवाईको लागि प्रार्थना गरौं ।<br>**फिलिप्पी ४:५-७** | १३ 26<br>धुम्रपान, मद्यपान, लागुपदार्थ, दुर्व्यसन र विभिन्न बन्धनमा परेकाहरूको छुट्काराको लागि प्रार्थना गरिदिऔं ।<br>**१ कोरिन्थी २:९** | २० 2<br>आफूले पाएको विभिन्न वरदानहरू प्रेम र नम्रतामा मण्डली निर्माणको लागि सबैले परमेश्वरको महिमाको लागि चलाउन सकून् ।<br>**फिलिप्पी २:१२-१७** |
| **बुधबार Wednesday** | २३ 6<br>सबै घरेलु संगतिहरूमा एकअर्कालाई सहयोग र उत्साह दिँदै एकआपसको घनिष्ठता अझ बढेर गएको होस् ।<br>**हिब्रू १०:२४-२५** | ३० 13<br>प्रत्येक विश्वासीहरू आफू रहेको ठाउँमा ख्रीष्टको साँचो साक्षीको जीवन जिउनेहरू हुन सकून् ।<br>**१ पत्रुस २:९-१२** | ७ 20<br>विभिन्न ठाउँमा शुरू भएको संगति झुण्ड साथै मण्डलीहरूबाट प्रचारिएको सुसमाचारद्वारा धेरै प्रभुको राज्यमा आउन सकून् ।<br>**यूहन्ना १५:१६** | १४ 27<br>सेवा संगतिदेखि टाढिएका र प्रभुको प्रेम चाखेर फेरि संसारतिर फर्केर गएकाहरू साँचो पश्चात्तापी भएर प्रभुमा फर्कन सकून् ।<br>**लूका १५:११-२४** | २१ 3<br>सबै विश्वासीहरू जीवनका सबै क्षेत्रमा परमेश्वरको असल अभिप्रायअनुसार इच्छा गर्ने र काम गर्नेहरू हुँदै जान सकौं ।<br>**फिलिप्पी २:१३** |
| **बिहीबार Thursday** | २४ 7<br>परिवारका सबै सदस्यहरू परमेश्वरले दिनुभएको शान्ति, मेलमिलाप र समझदारीमा जिउन सकून् ।<br>**१ पत्रुस ३:१-१७** | १ चैत्र 14<br>प्रत्येक परिवारमा श्रीमान्/ श्रीमती, छोराछोरी र आमा बाबुबीचको सम्बन्ध प्रभुको प्रेममा दिन प्रतिदिन बढ्दै जान सकून् ।<br>**भजनसंग्रह ८४:१-१२** | ८ 21<br>मण्डलीका सबै बालबालि-काहरूले सानै उमेरदेखि प्रभुको आवाज सुनेर भविष्यमा परमेश्वरको महिमाको कामको लागि तयार हुन सकून् ।<br>**१ शमूएल ३:१-४** | १५ 28<br>सबै जवानहरू आफूले पाएको मुक्तिको सुसमाचार सुनाउन अझै बोझ र दर्शनसाथ लागिपर्न सकून् ।<br>**रोमी १०:१४-१७** | २२ 4<br>परिवारका सबै सदस्यहरू परमेश्वरले दिनुभएको शान्ति, मेलमिलाप र समझदारीमा जिउन सकून् ।<br>**एफिसी ६:१-४** |
| **शुक्रबार Friday** | २५ 8<br>मण्डलीका विश्वासीहरू कोही पनि रीतिविधिमा मात्र सेवा संगतिमा सहभागी नभई सत्यतामा परमेश्वरको आराधना गर्न तयार भएर आउन सकून् ।<br>**भजनसंग्रह ८४:१-६** | २ 15<br>प्रत्येक शनिबार आराधना सेवाको साथै अरू सेवा संगतिहरूमा सुनेको वचनअनुसार समर्पित, इमान्दार र आज्ञाकारी हुँदै जान सकौं ।<br>**भजनसंग्रह ७८:१-१८** | ९ 22<br>भोलिको आराधना सेवामा परमेश्वरको इच्छा पूरा भएको होस् । ती सेवा संगतिहरूद्वारा परमेश्वरलाई नै महिमा मिलेको होस् ।<br>**यशैया ५५:६-१३** | १६ 29<br>ख्रीष्ट येशू प्रभुको क्रूसको मृत्यु र बौरी उठाईको सत्यता सारा संसारका मानिसहरूले बुझि परमेश्वरबाटको आशिषमा जिउन सकौं ।<br>**रोमी ३:२१-२६** | २३ 5<br>मण्डली वचन सुन्ने मात्र होइन तर वचन पालन गरेर परमेश्वरलाई साँचो प्रेम गर्नेहरू हुन सकून् ।<br>**यूहन्ना १४:२१, २३, २४** |
| **शनिबार Saturday** | २६ 9<br>हामी सबै किसिमका बोझा र सजिलैसित अल्झाउने पापलाई पन्छाएर धैर्यका साथ हाम्रो दौडलाई पूरा गर्न सकौं ।<br>**हिब्रू १२:१** | ३ 16<br>सरकारी, इसाई संघ-संस्थाहरूमा सेवकाइ गरिराख्नुभएका साथै विभिन्न काम व्यवसाय गर्नेहरू आफ्नो कामप्रति इमान्दार हुन सकून् ।<br>**हितोपदेश ११:१** | १० 23<br>विभिन्न देशहरूमा पढाइ, काम तथा अन्य कारणले जानु भएकाहरूको लागि सुरक्षा र सबै कुरामा परमेश्वरको आशिष मागिदिऔं ।<br>**भजनसंग्रह १२१:१-८** | १७ 30<br>परमेश्वरले देखाउनुभएको योजना पूरा गर्दै जानको लागि पवित्र आत्माको अगुवाई र उपस्थिति मण्डलीसँग सधैं भइरहून् ।<br>**प्रस्थान ३३:१३-१७** | २४ 6<br>परमेश्वरले देखाउनुभएको योजना पूरा गर्दै जानको लागि पवित्र आत्माको अगुवाई र उपस्थिति मण्डलीसँग सधै भइरहून् ।<br>**प्रस्थान ३:१४** |